# नरैनापुर गाउँपालिकाको

# शिक्षा ऐन, २०७४

नरैनापुर गाउँपालिका

प्रदेश नं ५, नेपाल सरकार

**नरैनापुर गाउँपालिका**

नरैनापुर, बाँके

नेपाल

# शिक्षा ऐन, २०७४

**प्रमाणिकरण र प्रकाशन मिति:२०७४।०८।१४**

प्रस्तावना :

नेपालको संविधान २०७२ भाग ५ , धारा ५७ (४) अनुसूची ८ ले दिएको अधिकार प्रयोग गरी **नरैनापुर गाउँपालिका, बाँकेको आधारभूत तथा माध्यमिक शिक्षालाई व्यवस्थित गर्नका लागि नरैनापुर गाउँ**सभाले यो **शिक्षा ऐन, २०७४** बनाएको छ ।

**गाउँ शिक्षा पद्धतिको योजनाअनुरुप विद्यालयहरूमा दिइने शिक्षाको ब्यवस्था गर्न बनेको ऐन**

प्रस्तावनाः गाउँपालिकाको लागि चाहिने जनशक्ति तयार गर्न, लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार,शिष्टाचार र नैतिकता कायम राख्न गाउँपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भईरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

नरैनापुर गाउँपालिकाको कार्यपालिकाको सल्लाह र सम्मतिले यो ऐन जारी गरिएको हो ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो ऐनको नाम "शिक्षा ऐन, २०७४" रहेकोछ ।

(२) यो नियमावली गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) “गाउँपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नरैनापुर गाउँपालिका सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले नरैनापुर गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “कोष” भन्नाले नरैनापुर गाउँपालिकाको गाउँ शिक्षा कोषलाई सम्झनु पर्छ ।

(घ) “आधारभूत तह” भन्नाले कक्षा १देखि ८ सम्मको शिक्षालाइ संझनु पर्छ ।

(ङ) “माध्यमिक तह” भन्नाले कक्षा ९ देखि १२ सम्मको शिक्षालाई संझनुपर्छ ।

(च)“धार्मिक विद्यालय” भन्नाले परम्परागत रुपमा चलिआएका गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँछ ।

(छ) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ ।

(ज) “पाठ्यक्रम विकास केन्द्र” भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्दछ ।

(झ) “तोकिएको वा तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ञ) “प्रमुख” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ठ) “पूर्व प्राथमिक विद्यालय” भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि नियम बमोजिम खोलिएको विद्यालय वा प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनुपर्छ ।

(ड) “संस्थागत विद्यालय” भन्नाले निजी लगानीमा संचालन गर्ने गरी अनुमती पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ ।

(ढ) “मन्त्रालय” भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय र प्रदेश शिक्षा मन्त्रालयलाई सम्झनुपर्छ ।

(ण) “स्थानीय शिक्षा अधिकारी” भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(त) “शिक्षा विभाग” भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा,विभाग वा ईकाईलाई सम्झनुपर्छ ।

(थ) “शिक्षक किताबखाना” भन्नाले संघीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनुपर्छ ।

(द) “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनुपर्छ ।

(ध) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई ऐनलाई सम्झनुपर्छ ।

(प) “शुल्क” भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(फ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(ब) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(भ) “सामुदायिक विद्यालय” भन्नाले स्थानीय तहबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृतीप्राप्त विद्यालय सम्झनुपर्छ ।

(म) “सामुदायिक शिक्षक” भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुदान प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनुपर्छ ।

(य) “सामुदायिक सिकाइ केन्द्र” भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्दलाई सम्झनु पर्छ ।

३. विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

क) कसैले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्वन्धित वडा समितिको सिफारिस सहित शिक्षा शाखाको प्रमुख वा संयोजक समक्ष निवेदन दिनुपर्नेछ । शिक्षा प्रमुखले सबै व्यवहोरा खुलाई शिक्षा समिति समक्ष पेश गर्नेछ,समितिमा आवश्यक अध्ययन छलफल भै सो समितिको सिफारिस सहित कार्यपालिकामा पेश भई कार्यपालिकाबाट स्वीकृत गरिनेछ ।

ख) उपदफा १ बमोजिम स्वीकृत पछि शिक्षा प्रमुखले आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालन गर्ने गरी अनुमति दिन सक्ने छ ।

ग) उपदफा २ बमोजिम खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको पाइएमा शिक्षा प्रमुखको सिफारिशमा गाउँ शिक्षा समितिले विद्यालय खोल्ने सिफारिस दिन सक्नेछ ।

घ) सँस्थागत विद्यालयको हकमा कम्पनी अन्तर्गत संचालन भएका विद्यालयले शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न चाहेमा प्रचलित कानून बमोजिम कम्पनी खारेज गरी तोकिएको विवरण खुलाइ शिक्षा प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

ङ) उपदफा ४ बमोजिम निबेदन परेमा शिक्षा प्रमुखले आवश्यक जाँचबुझ गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न मनासिव देखिएमा शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन शिक्षा शाखा प्रमुखको सिफारिसमा गाउँ शिक्षा समितिले स्वीकृति दिन सक्ने छ ।

४. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयको नियमनको लागि संघीय शिक्षा मन्त्रालयले जारी गरेको कार्यविधिअनुसार हुनेछ ।

५. विद्यालय संचालन तोकिए बमोजिम हुनेछ ।

६. आधारभूत तथा माध्यमिक शिक्षा परीक्षा व्यवस्थापन र संचालन तोकिए बमोजिम हुनेछ ।

७. माध्यमिक शिक्षा साधारण र प्राविधिक तथा व्यवसायिक गरी दुई प्रकारको हुने छ ।

८.शिक्षाको माध्यमः (१)विद्यालय शिक्षाको माध्यम नेपाली भाषा अंग्रेजी भाषा वा दुवै भाषा हुने छ ,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय वमोजिम हुन सक्नेछ ।

(क) आधारभूत तह अन्तर्गत प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिन्छ ।

(ख) गैरनेपाली नागरिकले गाउपालिकाको विद्यालयमा अध्ययन गर्दा नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्यापन गर्न सक्नेछ ।

(ग) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

(घ) उर्दू,अरबी,थारु,अवधि विषय अध्यापन गराउँदा सोही भाषमा नै गराउनु पर्नेछ ।

९. नरैनापुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा अधिकृत तथा निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. नरैनापुर गाउँपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि देहाय वमोजिमको गाऊ शिक्षा समिति रहनेछ :

(क)गाउँ कार्यपालिकाको अध्यक्ष वा निजले तोकेको एकजना गाउँकार्यपालिकाको सदस्य - संयोजक

(ख) गाउँ कार्यपालिका महिला तथा दलित समेत ३ जना सदस्यहरु - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी -सदस्य

(घ) शिक्षक युनियनको प्रतिनिधी सदस्य

(ङ) गाउँपालिका स्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधी एक जना -सदस्य

(च) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँपालिकाको अध्यक्ष वा प्रमुखले तोकेको सदस्य १ जना -सदस्य

(छ) गाउँ शिक्षा अधिकृत -सदस्य-सचिव

१०. गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ,

११. विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठयक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्छ,साथै तोकिए बमोजिम थप पाठयक्रम र पाठ्यपुस्तक लागू गर्न सकिनेछ ।

१२.सामुदायिक विद्यालयको संचालन रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायको विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका अभिभावकहरुले स्वयम मध्येवाट सर्वसहमतिले छानेका - अध्यक्ष

(ख) विद्यालयका अभिभावकले स्वयम मध्येवाट चुनेको दलितमहिला १ जना -सदस्य

(ग) विद्यालयका संस्थापक वा चन्दातामध्ये एक जनाा - सदस्य

(घ) सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडा समिति सदस्य वा वडाका स्थायी कर्मचारी -

(ङ शिक्षक प्रतिनिधी एकजना -सदस्य

(च) विद्यालय सेवाक्षेत्रका शिक्षाप्रेमी मध्येबाट १ जना - सदस्य

(छ) प्रधानाध्यापक -सदस्य सचिव

विद्यालय सेवा क्षेत्रभित्रका सुरक्षा निकायका प्रमुखहरुमध्येबाट १ जनालाई समितिको वैठकमा आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

विद्यालय स्तरीय बालक्लव ले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी २ जना लाई आमन्त्रित गर्न सकिनेछ ।

स्थानीय रेडकस तथा सम्बन्धित वडामा शिक्षा क्षेत्रमा क्रियाशील गैरसरकारी संघसंस्थाका स्थानीय प्रमुखहरुलाई वैठकमा आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

(२) उपदफा १ अनुसार सर्वसहमतीले अध्यक्षको चयन हुन नसकेमा सो को व्यहोरा खोली वडा समिति समक्ष सम्बन्धित विद्यालयले निवेदन दिनेछ, यसरी प्राप्त निवेदनउपर विचार विमर्श गरी सम्बन्धित

वडा समितिले  बढीमा ३ जनासम्म प्रत्यासी उम्मेदवारहरुको नामावली गाउँ शिक्षा समिति समक्ष सिफारिस गरी पठाउनुपर्नेछ ।

(३) उपदफा २ अनुसार प्राप्त नामावली उपर गाउँ शिक्षा समितिको वैठकबाट उपयुक्त ठहर्‍याइएको व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा चयन हुनेछ ।

(४) आधारभूत तह(१-८) विद्यालयको अध्यक्ष हुनको लागि कम्तिमा कक्षा ५ तथा माध्यमिक तहको लागि कम्तिमा कक्षा १२ उत्तीर्ण हुनुपर्नेछ ।

(५) उपर्युक्तानुसारको योग्यता पुगेको अभिभावकहरुमध्येबाट अध्यक्ष चयन हुन नसकेमा सम्बन्धित वडा समितिको सिफारिसमा सोही विद्यालय सेवाक्षेत्र भित्रका अभिभावक वा व्यक्तिलाई शिक्षा समितिको वैठकको निर्णयानुसार अध्यक्षमा छनौट गर्नेछ ।

(६) खण्ड (ख)को हकमा विद्यालय सेवा क्षेत्रभित्रका साक्षर महिलाहरुमध्येबाट व्यवस्थापन समितिले छनौट गर्नेछ ।

(७) सँस्थागत विद्यालयको संचालन रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायको विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका सँस्थापक तथा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँकार्यपालिकाको अध्यक्षले मनोनित गरेको व्यक्ति  एकजना - अध्यक्ष

(ख) विद्यालयका अभिभावक मध्येबाट १जना महिला  पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको २ जना -सदस्य

(ग) गाउँकार्यपालिकाको एकजना प्रतिनिधि - सदस्य

(घ) विद्यालय हेर्न तोकिएको विद्यालय निरीक्षक - सदस्य

(ङ) वरिष्ठ शिक्षक एक जना -सदस्य

(च) प्रधानाध्यापक -सदस्य सचिव

(७) सामुदायिक तथा सँस्थागत विद्यालय व्यवस्थापन समितिको विघठन , बैठक कार्यविधि तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३.स्थानिय निकायले आधारभूत तथा माध्यमिक विद्यालयमा भर्ना भई अध्ययन गर्ने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । साथै सँस्थागत विद्यालयहरुले आफ्ना विद्यालयमा अध्ययनरत दश प्रतिशत विद्यार्थीहरुलाई निशुल्क छात्रवृत्तिको व्यवस्था गर्नु पर्नेछ ।

१४. गाउँपालिकामा शिक्षा कोष र विद्यालयमा एक  विद्यालय कोषको स्थापन गरिने छ । सोको व्यवस्थापन र संचालन तोकिए बमोजिम हुनेछ ।

१५. सामुदायिक तथा सँस्थागत विद्यालयको सम्पत्तिको सुरक्षा र संरक्षणको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६.    विद्यालय सार्ने गाभ्ने,तह घटुवा गर्ने, नाम परिवर्तत गर्ने ,बन्द गर्ने व्यवस्था तोकिए बमोजिम

हुनेछ ।

१७. साक्षरता तथा निरन्तर शिक्षाको लागि प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्रको स्थापना गरिने छ । उक्त केन्द्रको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१८ गाउँ शिक्षा समिति  : गाउँ पालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयको रेखदेख र व्यवस्थापन गर्न तथा विभिन्न विद्यालयहरुबीच समन्वय गर्ने कामसमेतको लागि नरैनापुर गाउँपालिका अध्यक्षको संयोजकत्वमा आफ्नो क्षेत्रभित्रको शिक्षाको व्यवस्थापन सम्बन्धी कार्य गर्नको लागि देहाय बमोजिमको गाउँ शिक्षा समितिको गठन गर्नेछ ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक
(ख) गाउँकार्यपालिकाका वडा अध्यक्षहरुमध्ये गाउँकार्यपालिकाले तोकिएको एकजना — सदस्य
(ग) आफ्नो क्षेत्रभित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये
गाउँकार्यपालिकाले मनोनित गरेको एकजना — सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
ङ) शिक्षक युनियनको प्रतिनिधि एकजना
(छ) स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील विज्ञहरुमध्येबाट समतिले मनोनित गरेको ्तममलिस
समितिले मनोनित गरेको एकजना — सदस्य
(ज) स्थानीय शिक्षा अधिकारी — सदस्य सचिव

१९. शिक्षक व्यवस्थापन सम्वन्धी व्यवस्थाः

क. शिक्षकको सेवा, सुविधा,सरुवा, दरवन्दी मिलान तोकिए बमोजिम हुनेछ ।

ख. प्रति वर्ष मापदन्ड बनाइ गाउँ वा नगर भित्र कार्यरत शिक्षकमध्येबाट ५ जनालाई शिक्षा दिवसको अवसरमा पुरस्कार को व्यवस्था गरिनेछ ।

ग. शिक्षकलाइ निम्न बमोजिम दन्ड,सजाय व्यवस्था हुनेछ ।

१. विद्यालयमा आउने जाने समय पालन नगरेमा नसिहत दिने,

२. अनुशासन हिन काम गरेमा तथा बारम्वार समयको पालन नगरेमा तलव बृद्धि रोक्का गने

३. १५ दिन सम्म विना जानकारी अनुपस्थित हुने , विद्यालयमा मादक पदार्थ सेवन गरी आउने तथा अदालतबाट सजाय पाएमा नोकरीबाट हटाउन शिक्षक सेवा आयोगमा सिफारिस गर्ने ।

२१ गाउँपालिकाले विद्यालय सार्न,गाभ्न,नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः गाउँपालिका वा तोकिएको अधिकारीले गाउँ शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालयमा बन्द गर्न वा तोकिएको गाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृत दिन सक्नेछ ।

२२ (१)विद्यालयलाई छुट र सुविधाः प्रचलित कानुमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट दिन सकिनेछ ।

(२) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिईने छुट र सुविधा तोकिए वमोजिम हुनेछ ।

२३. विद्यालय कर्मचारी सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. यस ऐनको उदेश्य कार्यान्वयन गर्न नरैनापुर गाउँ कार्यपालिकाले नियम बनाई देहायका कुराहरुको व्यवस्था गर्न सक्नेछ ।

क. विद्यालय अनुमति स्वीकृति र कक्षाथप

ख.विद्यालयलाई दिइने अनुदान

ग. विद्यालयका परीक्षा

घ. गाउँ शिक्षा समितिको कार्यविधि , काम कर्तव्य र अधिकार

ङ..विद्यालय व्यवस्थापन समितिको कार्यविधी , काम कर्तव्य र अधिकार

च.विद्यालय शिक्षकको व्यवस्थापन

छ. विद्यालय कर्मचारी व्यवस्थापन

ज. विद्यालय संपत्तिको सुरक्षा

झ. विद्यालय अतिरिक्त क्रियाकलाप

ञ. शिक्षक तथा विद्यार्थीको पुरस्कार र दन्डसजाय

ट. विद्यालय आय व्यय जाँच

ठ.विद्यालय सार्ने गाभ्ने तह घटाउने बन्द गर्ने व्यवस्था

ड. सामुदायिक सिकाई केन्द्र

ढ. शिक्षक तथा विद्यार्थी आचासंहिता

ण. गाउँ शिक्षा कोष र विद्यालय शिक्षा कोष

त.छात्रवृत्ति सम्वन्धी व्यवस्था

थ. शिक्षण तथा व्यवस्थापन तालिम

द. विद्यालयको पुस्तकालय र वाचनालय

ध. विद्यार्थी भर्ना नियमितता र विद्यार्थी संख्या

न.प्रधानाध्यापकको व्यवस्था

प. सँस्थागत विद्यालय सम्वन्धी व्यवस्था

फ. आधारभूत तह परीक्षा व्यवस्थापन

ब. ट्युसन कोचिङ कक्षा, भाषा शिक्षण र निजी शिक्षक तालिम

भ.अन्य आवश्यक कुराहरु

२५. यो ऐनको उद्देय कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ।

२६. यस ऐनको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ।

२७.बचाउ र लागु नहुने : यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।